सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. १६४१

मितिः २०८२/१२/२४
ने.सं. ११४६ चौलागा, पञ्चमी

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
सुनिलस्मृति गाउँपालिका, रोल्पा ।

**विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३४२, मिति २०८२।१२।२३ गतेको पत्रसाथ प्राप्त शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४२५ मिति २०८२।१२।२२ गतेको शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने विषयक यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गरी पत्र बमोजिम गर्न/गराउनु हुन अनुरोध छ । अन्यथा प्रचलित कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८२।१२।२४

..................
(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"
ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइटः sunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३४२

मिति: २०८२/१२/२३

नेपाल संवत् ११४६

विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ४२५, मिति २०८२/१२/२२ को शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१२/२३

..........

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- ३२५१
दर्ता मितिः- १२।२३

पत्र संख्याः- ८२।८३
चलानी नं.:- ४२५

मितिः २०८२।१२।२२
ने.स. ११४६

विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

केहि विद्यालयहरुले शैक्षिक सत्र शुरु नहुदै विद्यार्थी भर्ना गरेको र विद्यार्थी भर्ना बापत अग्रिम शुल्क असुल गरेको भनि विभिन्न माध्यमबाट आएका सूचना एवं गुनासोहरु प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन भन्ने स्पष्ट व्यवस्था हुदाँहुदै र प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुदाँहुदै विद्यार्थीहरुबाट अग्रिम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढि शुल्क लिइएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिइएको, एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक पटक भर्ना शुल्क लिइएको आदि जस्ता गुनासो आएको र सम्मानित सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिक सत्र शुरु नहुदै भर्ना नगर्ने, नियमविपरीत शुल्क नलिने, कानुनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कार्वाही गर्ने व्यवस्थाका लागि सम्पुर्ण स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

कृष्णचन्द्र पोखरेल
उपसचिव

*बोधार्थः-*
***श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।***
***श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै):-*** *उल्लिखित विषयमा स्थानीय तहसंग आवश्यक समन्वय एवं सहजिकरण लागि ।*

फोन नं.:
वेबसाइट : www.moest.gov.np